माननीय मन्त्री ज्यूबाट

मिति २०८१ पौष ०८ गते

स्वीकृत

# सरकारी अस्पताल आवासगृह निर्देशिका, २०८१

## लुम्बिनी प्रदेश

## स्वास्थ्य मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपाल

महाशाखा प्रमुख

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

# सरकारी अस्पताल आवासगृह सञ्चालन निर्देशिका, २०८१

<u>प्रस्तावना</u>: लुम्बिनी प्रदेश मातहतमा रहेका सरकारी अस्पतालमा सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई चौबिस घण्टा, रात्रिकालिन समय, स्वास्थ्य आपतकालिन समयमा स्वास्थ्य सेवा प्रवाह गर्ने कर्मचारीहरूको वासस्थानमा न्यायोचित पहुँच र व्यवस्थापन गरी अस्पतालले प्रवाह गर्ने सेवामा थप सुदृढीकरण र व्यवस्थित गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले लुम्बिनी प्रदेश सुशासन ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

<u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो निर्देशिकाको नाम सरकारी अस्पताल आवासगृह सञ्चालन निर्देशिका, २०८१ रहनेछ।

(२) लुम्बिनी प्रदेश अन्तर्गतका सरकारी अस्पताल तुरुन्त लागु हुनेछ ।

<u>परिभाषा</u>: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अस्पताल" अस्पताल भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ख) "अस्पताल विकास समिति" भन्नाले अस्पताल विकास समिति (गठन तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली २०८१, अनुसार गठन भएको समिति सम्झनु पर्दछ ।

## परिच्छेद- २

<u>अस्पतालको काम कर्तव्य र अधिकार:</u>

(१) अस्पताल विकास समितिले अस्पताल आवासगृहको व्यवस्थापन, सञ्चालन तथा रेखदेख गर्नेछ ।

(२) अस्पतालमा रहेको भौतिक पूर्वाधार, आवासगृह, जिन्सी सामाग्री, उपकरण, फर्निचर आदिको लगत रेकर्ड अस्पताल प्रमुखको रोहबरमा अस्पताल प्रशासनले राख्नु पर्नेछ ।



महाशाखा प्रमुख

सचिव

(३) अस्पताल प्रशासनले अस्पतालको आवासगृह उपभोग गर्ने कर्मचारीको नाम, पद, कार्य गर्ने विभाग, कर्मचारीको परिवार र आफन्तको नाम, उमेर, फोन नम्बर र संख्या आदिको विवरण अस्पताल प्रशासनमा राखु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत कर्मचारीलाई आवास सुविधा दिँदा निम्न प्राथमिकताको आधारमा दिनु पर्नेछ ।

(क) कार्यालय समय बाहेक आपतकालीन अवस्था व्यवस्थापन तथा रात्रिकालिन समयमा खटिने कर्मचारी ।

(ख) सरकारको स्थायी दरबन्दीमा नियुक्ति भई बढुवा वा सरुवा भई आउने जिल्ला बाहिरको/ सम्बन्धित अस्पताल रहेको स्थानीय तहमा घर नभएको ।

(ग) गर्भवती, दुई वर्ष भन्दा कम उमेरको बच्चा भएको महिला, अपाङ्ग, एकल महिला, जेष्ठतम कर्मचारीलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(घ) आवास अपर्याप्त भएको अवस्थामा दुई वर्षसम्म अस्पतालको आवासगृहको उपभोग गरिसकेका कर्मचारीको सट्टामा आवासगृहको उपभोग नगरेका कर्मचारी ।

(५) अस्पतालमा भएका मौजुदा आवासगृहको मर्मत सम्भार र रङ रोगन गर्नुपर्ने भएमा, जीर्ण र प्रयोग गर्न नमिल्ने भई पुनर्निर्माण गर्नु पर्ने भएमा अस्पताल प्रमुखले उक्त समस्या समाधानको लागि अस्पताल विकास समिति समक्ष पेस गर्ने ।

(६) आवासगृह उपभोग गर्ने कर्मचारीबाट भएको तोडफोड, भौतिक क्षति, हराएका उपकरण तथा सामाग्री समितिबाट छानबिन गरी क्षतिपूर्ति गराउने ।

(७) आवासगृह उपभोग सम्बन्धमा कर्मचारीहरु बिच विवाद भएमा समितिले विवाद समाधान गर्ने र आवश्यकता अनुसार समय समयमा कर्मचारीलाई कोठा वा फ्ल्याट अदली बदली गराउने ।

(८) अस्पतालको आवासगृह उपयोग गर्ने कर्मचारीको छनोट गर्ने सम्पूर्ण अधिकार अस्पताल व्यवस्थापन समितिको सिफारिसमा अस्पताल प्रमुखमा निहित हुनेछ ।

## परिच्छेद- ३

**<u>आवास उपभोग गर्ने कर्मचारीको काम, कर्तव्य र अधिकार</u>: अस्पताल प्रशासन महाशाखा**

(१) आवासगृह उपभोगका लागी कर्मचारीले अस्पताल प्रमुख समक्ष निवेदन दिनु पर्नेछ र अस्पताले प्रमुखले प्राथमिकताको आधारमा लिखित अनुमति पत्र दिनु पर्नेछ ।



महाशाखा प्रमुख

सचिव

(२) आवासगृहको सम्पुर्ण सम्पातिको संरक्षण र सम्वर्धन गर्ने प्रथम दायित्व आवासगृह उपभोग गर्ने कर्मचारीको रहनेछ ।

(३) अस्पतालको आवास उपभोग गर्ने कर्मचारीले अरूलाई असर पर्ने गरी होहल्ला गर्ने र असम्बन्धित व्यक्तिलाई आवासगृहमा राख्र पाइने छैन ।

(४) आवासगृह उपभोग गर्ने कर्मचारीबाट आवास गृहमा प्रयोग हुने विद्युत खपत बापतको शुल्क स्वयंले अस्पताल प्रशासनलाई बुझाउनु पर्नेछ ।

(५) कर्मचारीको सरुवा बढुवा भइ अन्यत्र जानु पर्ने भएमा रमाना पत्र बुझेको एक हप्ता भित्र आफ्नो जिम्मेवारीमा रहेको आवासगृहको सम्पूर्ण जिन्सी, नगद र फर्निचर सहित ताल्चा चावी अस्पतालको प्रशासन शाखामा बरबुझारथ गर्नु पर्नेछ ।

(६) कर्मचारीले आवासगृह वरिपरिको नियमित सरसफाइ र मर्मत सम्भारलाई विशेष ध्यान दिई स्वच्छ वातावरण कायम गर्नु पर्नेछ ।

## परिच्छेद- ४

<u>अनुगमन तथा मुल्यांकन</u>ः (१) अस्पताल आवासगृहको सञ्चालन र व्यवस्थापनको आवधिक अनुगमन तथा नियमन अस्पताल प्रशासन, अस्पताल विकास समिति, स्वास्थ्य मन्त्रालय र निर्देशनालयले गर्नेछ ।

## परिच्छेद- ५

<u>बचाऊ र खारेजी</u>ः (१) लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयले लुम्बिनी प्रदेश मातहतका अस्पतालहरूको कर्मचारी आवासगृह थप व्यवस्थित गर्न आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ ।

सचिव

वरिष्ठ नर्सिङ अधिकृत

महाशाखा प्रमुख